# बागमती गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## भट्टेडाँडा, ललितपुर
## बागमती प्रदेश, नेपाल ।

**नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा, ग्राभेल, माटो) उत्खनन् तथा बिक्रीको बोलपत्र आह्वान सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७७।०९।१५

स्थानीय निकाय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (६),र बागमती प्रदेश सरकारको आर्थिक ऐन २०७७ को दफा ९ (१) र सो सँग सम्बन्धि अनुसुची ५ (संसोधित), यस बागमती गाउँपालिका प्रारम्भिक वातावरणीय परीक्षण तथा नदिजन्य पदार्थ (संकलन तथा उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि २०७७, गाउँ कार्यपालिकाको निर्णय र स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) मा व्यवस्था भए अनुसार देहाय बमोजिम आन्तरिक आय संकलनको (ठेक्का वन्दोवस्त) कार्य उल्लेखित न्यूनतम ठेक अंङ्कमा नघटने गरी आ.व. ०७७।०७८ को लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक दर्तावाला फर्म वा संस्था वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर प्रमाण पत्र, आ.व. २०७६।७७ को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी तोकिएको शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन साथै बोलपत्र पाइने स्थान, दस्तुर, विडवोण्ड पेश गर्ने, खोल्ने स्थान, शर्तहरु लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website: www.bagmatimunlalitpur.gov.np र सूचना पाटीमा हेर्न सकिने गरी यो बोलपत्र आह्वान गरिएको छ ।

| सि.न. | सूचना न./बोलपत्र न. | बोलपत्र को नाम | उत्खनन परिमाण (घन फिट) | स्थान | न्युनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ.क कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १. | १/०७७/७८ | ढुंगा गिटी बालुवा ग्रावेल, भरान ( माटो) उत्खनन तथा बिक्री वितरण सम्बन्धी बोलपत्र | क.९,६४,११०.१२ घन फिट ( नौ लाख चौसठ्ठी हजार एक सय दश दशमलव बाह्र घन फिट)-<br>ख. २,५०,००० घन फिट (दुई लाख पचास हजार एक घन फिट) | क१. खानी खोला<br>क२. बागमती खोला<br>क३. भभ्मे बगर<br><br>ख निकासी मात्र शुसिल खड्का खानी लगायत अन्य | १,०१,७६,९९१.१५ ( अक्षरेपी: रुपैया एक करोड एक लाख छयत्तर हजार नौ सय एकानब्बे पैसा पन्ध्र मात्र) | कबोल रकमको पाँच प्रतिसत | ३००० |

Scanned with CamScanner

तपसिलः

| आय ठेक्का नं. | ठेक्का शीर्षक | न्युनतम बोल कवोल रकम (भ्याट बाहेकको रकम) | नदी तथा खोलाको विवरण | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७७ अनुसार उत्खनन् गरिने घाटको विवरण | उत्खनन्, विक्री र निकासी दररेट प्रति क्यु. फिट | संकलन र विक्री गर्न पाउने अधिकतम परिमाण |
|---|---|---|---|---|---|---|
| १/७७/७८ | ढुंगा, गिटी, वालुवा, ग्रावेल, भरान (माटो) उत्खनन, विक्री र निकासी | ८६,७६,९९१.१५।- (अक्षरेपी: रुपैयाँ छयासी लाख छयत्तर हजार नौ सय एकानब्बे पैसा पन्ध्र मात्र) | १. खानी खोला<br>२. बागमती खोला<br>३. भष्मे बगर | खानीखोला बागमती दोभान<br>सीसाखानी हाइड्रोपावर देखि उत्तर तर्फ<br>याष्पा (क)<br>याष्पा (ख)<br>क्लवन<br>मसानघाट (क)<br>मसानघाट (ख)<br>हुचीटार, गिम्दी<br>खुर्मी, गिम्दी<br>बगुवा बगर<br>माल्टा बगर<br>घुसेल बगर<br>अग्री खोला दोभान<br>भष्मे बगर-१<br>भष्मे बगर-२ | रु. ९/- | ९,६४,११०.१२ घन फिट (नौ लाख चौसठ्ठी हजार एक सय दश दशमलव बाह्र घन फिट) |
| | वालुवा खानी क्षेत्र (निकासी मात्र) | १५,००,००० ।- (अक्षरेपी: रुपैया पन्ध्र लाख मात्र) | शुसिल खड्का खानी लगायत अन्य | | रु ६/- | २,५०,००० घन फिट (दुई लाख पचास हजार एक घन फिट) |
| | **जम्मा** | **१,०१,७६,९९१.१५ (अक्षरेपी: रुपैया एक करोड एक लाख छयत्तर हजार नौ सय एकानब्बे पैसा पन्ध्र मात्र)** | | | | |

Scanned with CamScanner

शर्तहरु

१.गाउँपालिकाबाट गरिएको वातावरणीय प्रभाव मूल्यांकन (IEE) मा तोकिएको घाँटगद्दि स्थलहरुबाट मात्र संकलन/ उत्खनन् गर्नु पर्नेछ ।

२.यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र १२:०० बजेसम्म खरिद गरी मार्फत प्रतिष्पर्धामा भाग लिन सकिनेछ ।

३.बोलपत्र फाराम खरिद गर्दा नागरिकताको फोटोकपी, रु.३००० (तीन हजार मात्र दस्तुर) फिर्ता नहुने गरी बागमती गाउँपालिकाको कार्यालयमा नगद बुझाएको नगदी रसिद वा गाउँपालिकाको कुमारी बैंक, बागमती शाखामा रहेको संचित कोष खाता नं. ०७९००३४६९४२००००३ मा जम्मा गरेको भौचर, आ.व. ०७६/०७७ मा फर्म कम्पनी संस्थाको नविकरण भएको व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्बरको प्रमाण पत्र, आ.व. ०७६/०७७ को कर चुक्ता प्रमाण पत्र र मु.अ.कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी सहित खरिद गर्नुपर्नेछ ।

५.ठेक्का लिन इच्छुक व्यक्तीले भ्याट सहित कबोल अंकको नेपाली नागरिक भए ५ (पाँच) प्रतिशत र गैर नेपाली नागरिक भए आफूले कबोल गरेको अंकको १० (दश) प्रतिशत धरौटी वापत रकम धरौटी राख्नुपर्नेछ । धरौटी वापतको रकम यस बागमती गाउँकार्यपालिकाको कार्यालयको नाममा कुमारी बैंक, बागमती शाखा, स्थित धरौटि खाता नं. ०७९००३४६९४२००००४ मा नगदै जम्मा गरेको वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकद्वारा जारी गरेको १२० (एक सय वीस) दिन म्याद भएको बोलपत्र जमानतको सक्कल प्रति संलग्न गर्नुपर्नेछ ।

६. बोलपत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको दिनमा क्रमशः गरिने छ । रितपूर्वक पेश भएका टेण्डर दर्ता गर्ने समय सकिए लगत्तै सोही दिन दिनको २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि एवं बोलपत्रदाताहरुको रोहवरमा बागमती गाउँ कार्यपालिकाको कार्यालय, भट्टेडाँडा, ललितपुरमा खोलिने छ । ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभए पनि टेण्डर खोल्न सकिने छ ।

७.कबोल रकम अंक र अक्षरमा प्रष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । दर्ता भएको बोलपत्र फिर्ता तथा संशोधन हुनेछैन ।

८.रितपूर्वक दाखिला भएका बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने वा सूचना संशोधन लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ साथै कुनै सर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन ।

९.ठेक्का कबोल अङ्कको रकम ठेकेदारले तीन किस्ता गरी बुझाउनु पर्नेछ । पहिलो किस्ता संझौता गर्दा बखत कुल कबोल अङ्कको ६०% (साठी प्रतिशत), दोश्रो किस्ता २०% (बीस प्रतिशत) मंसिर मसान्त र तेश्रो किस्ता २०% (बीस प्रतिशत) फाल्गुन मसान्तमा बुझाइसक्नेपर्नेछ । किस्ताबन्दीमा रकम बुझाउने

Scanned with CamScanner

संभौता अवधी सम्मको परफरमेन्स वण्ड बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ । सम्पूर्ण कबोल रकम एकमुष्ठ नगदै सम्भौताका बखत बुझाएमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।

१०.ठेक्का कबोल गर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीले थप १३% मूल्य अभिवृद्धि कर संकलन गर्नुपर्नेछ । यसरी संकलित रकम ठेकेदार आफैले आन्तरिक राजस्व कार्यालयमा बुझाइ सो को प्रमाण गाउँ कार्यपालिकाको कार्यालयमा उपलब्ध गराउनु पर्नेछ । उक्त प्रमाण गाउँकार्यपालिकाको कार्यालयमा उपलबध नगराएमा नियमानुसारको कारवाही अगाडि बढाइने छ ।

११.ठेकेदारले नेपाल सरकार, प्रदेश सरकार तथा गाउँकार्यपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नुपर्नेछ । कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

१२.ठेकेदारले संभौता पत्रमा तोकिएका वस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा कर संकलन गर्नुपर्नेछ । सो भन्दा बढी मालबस्तु वा दररेटमा उठाउन पाइने छैन । पट्टा पुर्जीमा तोकिएको दर तथा तोकिएको सामाग्री भन्दा फरक हुने गरी संकलन गरेमा नियमानुसार कारबाही गरिनेछ ।

१३.गाउँकार्यपालिकाले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाइ सो रसिदहरु यस कार्यालयका कार्यालय प्रमुखबाट प्रमाणित गरी प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरी प्रयोग गरिएका रसिदहरुबाट कुनै समस्या आइपरेमा गाउँकार्यपालिका जवाफदेही हुनेछैन ।

१४.अदालतको आदेश/ फैसलाबाट मिनाह दिने सम्बन्धमा कुनै निर्णय गरेको अवस्था बाहेक ठेकेदारले ठेक्का संभौता पछि गाउँकार्यपालिकाको कार्यालयमा बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाइने छैन र संभौता तोकिएको समयमा किस्ता रकम बुझाउनुपर्नेछ ।

१५.राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाइनेछैन ।

१६.ठेकेदारले गाउँपालिकाको राजस्व संकलन गर्न बस्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्नेछ र राजस्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाएर मात्र संकलन कार्य गराउनु पर्नेछ ।

१७.गाउँकार्यपालिकासँग ठेक्का सम्भौता गरेको ठेकेदारले IEE नभएको स्थानबाट ढुँगा, गिट्टी, बालुवा र ग्राभेल र माटो संकलन उत्खनन गरेको देखेमा सो ढुवानी साधनलाई नजिकको प्रशासनिक निकाय ( सुरक्षा तथा वन कार्यालय) हरुको सहयोग लिई आवश्यक कारवाही गर्नुपर्नेछ । साथै त्यस्तो अवैधानिक कार्यमा रोक लगाउन सहयोग गर्नु सबैको कर्तव्य हुनेछ ।

१८.ढुंगा गिटी वालुवा ग्रावेल, भरान (माटो) झिक्नुपर्ने घाँटागद्दी स्थलसम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्ने छ । ढुंगा गिटी बालुवा ग्रावेल, भरान (माटो) लिन कुनै व्यक्ति वा निकायको निजी जग्गा वा बनक्षेत्र भित्र जानुपर्ने भएमा सम्बन्धित व्यक्ति वा निकायको स्वीकृत लिएर गर्नुपरेमा स्वयं ठेकेदारले लिनुपर्नेछ ।

Scanned with CamScanner

१९.नदीको किनारबाट भूक्षय हुने गरी डिल, भिर, भित्तो खनन् खोरस गरी ढुंगा गिटी बालुवा ग्रावेल, भरान (माटो) निकाल्न रोक लगाउनुपर्नेछ । त्यसरी निकालेको पाइएमा उक्त कार्य गर्ने ढुवानी साधनहरुलाई सम्बन्धीत निकायमा आवश्यक कारवाहीका लागि ठेकेदारले पहल गर्नुपर्नेछ ।

२०.ठेकेदारले भिजेको बालुवाबाट पानी बगी बाटो विगार्ने भएकोले चिसो बालुवा ढुवानीमा रोक लगाउनु पर्नेछ । ढुंगा गिटी बालुवा ग्रावेल, भरान (माटो) छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ।

२१.ठेकेदारले प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा दिएका राय सुझावहरु सम्बन्धित सरोकारवाला सबैलाई आफ्नै तर्फबाट जानकारी गराई सो को पालना गर्न लगाउनुपर्नेछ । यस कार्यमा लाग्ने आर्थिक व्ययभार ठेकेदारले स्वयंम व्यहोर्नुपर्नेछ ।

२२.विहान सूर्योदय भन्दा अगाडि र साँझ सूर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाँटगद्दी स्थलमा प्रवेश गर्न पाइने छैन । यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानुन बमोजिम कार्वाही हुनेछ ।

२३.खोला तथा नदीको घाँटगद्दी स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी ठेकेदार आफैंले बनाइ सबै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नुपर्नेछ ।

२४.गाउँपालिकाबाट प्रमाणित गरी संकलन गरिएका नगदि रसिदहरु ठेकेदारले ३/३ महिनामा गाउँकार्यपालीकाको कार्यालयमा जम्मा गर्नुपर्नेछ । उक्त नगदी रसिद सँगै नदीजन्य पदार्थको कर संकलन गर्ने ठेकेदारले नदीजन्य पदार्थको उत्खननको परिमाण पनि पेश गर्नुपर्नेछ ।

२५.यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनको लागि अभिन्न अंगको रुपमा मानिनेछन् ।

२६.यस सूचनामा उल्लेख भएका विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन/ नियम र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७७ बमोजिम हुनेछ ।

२७.प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७७ (IEE) का प्रावधानहरुको व्याख्या गर्ने अधिकार बागमती गाउँकार्यपालिकामा सुरक्षित रहने छ ।

२८. अन्य कुराहरु ढुङ्गा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ ले गरेको व्यवस्था अनुसार हुनेछ ।

.....................................

२०७७।०९।१६

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत